सन्दकपुर गाउँपालिका

आर्थिक प्रशासन शाखा

प्रस्तुतकर्ताः

युवराज नेपाल

लेखा अधिकृत(आठौँ)

सन्दकपुर गा.पा- इलाम

आ.व २०८२।८३ को आम्दानी विवरण

क्र.सं	प्राप्तीको स्रोत	वार्षिक आय अनुमान	यथार्थ प्राप्ती	प्रतिशत	कैफियत
१.	नेपाल सरकार समानिकरण अनुदान	८४००००००	७६८१८०००	९१.४५	
२.	नेपाल सरकार ससर्त अनुदान चालु	१५८८४००००	१५८३८००००	९९.७१	
३.	नेपाल सरकार ससर्त अनुदान पूँजिगत	३०७०००००	२८२५२०००	९२.०२	
४.	नेपाल सरकार विशेष अनुदान चालु	१०४०००००	१०४०००००	१००	
५.	नेपालसरकार समपुरक अनुदान पूँजिगत	८७०००००	५८५९०२७	६७.३४	
६.	प्रदेश सरकार समानिकरण अनुदान	७२९५०००	७२९५०००	१००	
७.	कोशी प्रदेश ससर्त अनुदान चालु	११९००००	११९००००	१००	
८.	कोशी प्रदेश ससर्त अनुदान पूँजिगत	८३२५०००	८३२५०००	१००	
९.	कोशी प्रदेश समपुरक अनुदान	१४००००००	९९१७८२१	७०.८४	
१०.	राजश्व वाँडफाँड संघीय सरकार	७८१८८०२१	६७४३७१६८.११	८६.२५	
११.	सवारी साधन कर (प्रदेश)	६१२४०००	५६०२३५७.१६	९१.४८	
१२.	आन्तरिक राजश्व	२९०६२६२५.३६	२६९३६६१०.५४	९२.६८	(गत वर्षको अल्या रु.१३८४५८२२.४५ सहित)
	जम्मा	४४७९३२०३९.३६	४०६४१२९८३.८१	९०.७३	

सन्दकपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, इलाम
Office Code : ८०१०३५०६३००

क्षेत्रगत बजेट तथा खर्च

FY : २०८२/८३ अवधी : २०८२/०४/०१-२०८३/०३/३२

क्र.सं.	क्षेत्र/उप क्षेत्र	Allocation	खर्च	खर्च (%)	मौज्दात
१	आर्थिक विकास	५,२५,३७,१७०.००	४,२३,३३,२२९.३२	८०.५८	१,०२,०३,९४०.६८
१	कृषि	१,४१,५०,०००.००	१,०७,८६,९९२.५०	७६.२३	३३,६३,००७.५०
२	उद्योग	१०,००,०००.००	९,६९,३४०.००	९६.९३	३०,६६०.००
३	पर्यटन	१,९२,८६,५७०.००	१,८०,०६,३२५.७२	९३.३६	१२,८०,२४४.२८
४	सहकारी	४,५०,०००.००	४,४७,८१०.००	९९.५१	२,१९०.००
५	जलश्रोत तथा सिंचाई	१,१७,५०,६००.००	६४,१४,२४५.१७	५४.५९	५३,३६,३५४.८३
६	पशुपन्छी विकास	५९,००,०००.००	५७,०८,५१५.९३	९६.७५	१,९१,४८४.०७
२	सामाजिक विकास	२०,२०,९०,५००.००	१७,८०,१७,२३१.००	८८.०९	२,४०,७३,२६९.००
१	शिक्षा	१३,६८,५७,५००.००	१२,८३,१६,९३५.४०	९३.७६	८५,४०,५६४.६०
२	स्वास्थ्य	४,५७,८०,०००.००	३,३२,०६,२६५.९३	७२.५३	१,२५,७३,७३४.०७
३	खानेपानी तथा सरसफाई	११,००,०००.००	७,७०,३६६.९१	७०.०३	३,२९,६३३.०९
४	भाषा तथा संस्कृति	२७,५०,०००.००	२७,३५,०००.००	९९.४५	१५,०००.००
५	लैंगिक समानता तथा सामाजिक समावेशीकरण	४६,००,०००.००	३९,३१,९९८.७६	८५.४८	६,६८,००१.२४
६	युवा तथा खेलकुद	३४,८५,०००.००	३०,०८,९८५.००	८६.३४	४,७६,०१५.००
७	सामाजिक सुरक्षा तथा संरक्षण	७५,१८,०००.००	६०,४७,६७९.००	८०.४४	१४,७०,३२१.००
३	पूर्वाधार विकास	८,१४,१४,१६५.००	६,५८,१२,९४१.१२	८०.८४	१,५६,०१,२२३.८८
१	यातयात पूर्वाधार	६,०७,०९,२१५.००	५,१५,३४,४४१.९८	८४.८९	९१,७४,७७३.०२
२	भवन, आवास तथा सहरी विकास	१,४५,१५,०००.००	८८,९५,७०८.२६	६१.२९	५६,१९,२९१.७४
३	उर्जा	१३,५०,०००.००	१३,३३,०९०.८८	९८.७५	१६,९०९.१२
४	सम्पदा पूर्वाधार	२,३९,९५०.००	१,१९,९५०.००	४९.९९	१,२०,०००.००
५	पुननिर्माण	४६,००,०००.००	३९,२९,७५०.००	८५.४३	६,७०,२५०.००
४	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	२,९२,९९,३५२.३६	२,२७,७५,६६८.५७	७७.७३	६५,२३,६८३.७९
१	वातावरण तथा जलवायु	१०,००,०००.००	६,४६,४६७.३१	६४.६५	३,५३,५३२.६९
२	विपद व्यवस्थापन	६८,८५,०००.००	५२,५०,४९१.००	७६.२६	१६,३४,५०९.००
३	मानब संशाधन विकास	४,००,०००.००	४,००,०००.००	१००	०.००

सन्दकपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, इलाम
Office Code : ८०१०३५०६३००

क्षेत्रगत बजेट तथा खर्च

FY : २०८२/८३ अवधी : २०८२/०४/०१-२०८३/०३/३२

क्र.सं.	क्षेत्र/उप क्षेत्र	Allocation	खर्च	खर्च (%)	मौज्दात
४	कानुन तथा न्याय	१०,००,०००.००	६,२१,०४५.००	६२.१	३,७८,९५५.००
५	शासन प्रणाली	१९,५०,०००.००	१२,१२,०३६.९०	९२.५८	७,३७,९६३.१०
६	तथ्यांक प्रणाली	७,००,०००.००	३,८६,४१२.००	५५.२	३,१३,५८८.००
७	गरिबी निवारण	४,००,०००.००	३,७८,२००.००	९४.५५	२१,८००.००
८	श्रम तथा रोजगारी	२१,८८,०००.००	१६,७१,१००.००	७६.३८	५,१६,९००.००
९	योजना तर्जुमा र कार्यन्वयन	१३,६१,०००.००	८,७३,९३७.००	६४.२	४,८७,०६३.००
१०	प्रशासकीय सुशासन	१६,००,०००.००	१०,८७,८५३.००	६७.९८	५,१२,१४७.००
११	वित्तीय सुशासन	३८,१५,३५२.३६	२२,४८,१२६.३६	५८.९२	१५,६७,२२६.००
५	कार्यालय सञ्चालन तथा प्रशासनिक	८,२५,९०,८५२.००	६,७२,७९,१०५.४४	८१.४५	१,५३,११,७४६.५६
१	कार्यालय सञ्चालन तथा प्रशासनिक	८,२५,९०,८५२.००	६,७२,७९,१०५.४४	८१.४५	१,५३,११,७४६.५६
	Grand Total	४४,७९,३२,०३९.३६	३७,६२,१८,१७५.४५	८३.९९	७,१७,१३,८६३.९१

शाखामा आ.व. २०८२-८३ मा हासिल गरेका उपलब्धिहरु:

- २०८२ साल श्रावण १ गते भित्रमा नै नीति बजेट तथा कार्यक्रम प्रणालीमा प्रविष्ट गरी खर्चको अख्तियारी प्राप्त।
- कर्मचारी तथा शिक्षकहरुको तलबी प्रतिवेदन पास गराई तलब भत्ता भुक्तानी भएको (इलामका अधिकांश पालिकाले नगराएको)
- आर्थिक वर्ष २०८०।८१ को सवै प्रकारको बेरुजु शुन्य बनाउन सफल।
- आर्थिक वर्ष २०८१।८२ को प्रमाण पेश गर्ने, असुल गर्ने बेरुजु शुन्य रहेको र अनियमित बेरुजु समेत लेखा समिति मार्फत सभामा पेश गरी सभाले गरेको शुन्य बेरुजु अनुमोदन प्रमाण समेत संलग्न राखी महालेखा परीक्षक समक्ष संपरीक्षणका लागी पेश गरिएको।
- आ.व २०८२।८३ मा चालु तर्फ ८६.८३ प्रतिशत र पूँजिगत तर्फ ७८.३५ प्रतिशत खर्चको प्रगति हासिल गर्न सफल।
- विपद् राहत,उद्धार, मर्मत तथा पुन:स्थापनामा रु. १,३६,३७,९९८।३५ खर्च भएको।

शाखाले आ.व. २०८२-८३ मा भोगेको प्रमुख समस्याहरु:

- नीतिगत निर्णय प्रकृयामा सुस्तताका कारण कतिपय कृयाकलापगत कार्यान्वयन र भुक्तानी मा समस्या भोग्नु परेको (जस्तै: सुरक्षित नागरिक आवास, प्रधानमन्त्री रोजगार कार्यक्रम,विद्यालय भौतिक पुर्वाधार निर्माण, देउराली बजार व्युटिफिकेसन, चाँपगैरी छाँगे सडक लगायत...)
- आयोजना सम्झौता तथा म्याद थपका निर्णय गर्दा स्रोत व्यवस्थापनमा पर्याप्त छलफल नहुँदा भुक्तानी प्रकृयामा समस्या भोग्नु परेको।
- उपभोक्ता समिति तथा टोल विकास संस्थाहरुबाट कार्य सम्पादन गराउनु आफैँमा चुनौतीपूर्ण बन्दै गएको(लागत साझेदारी, प्रकृयागत लापरवाहि, सम्झौता, प्राविधिक स्टमेट अनुसारको कार्य सम्पादन गर्न नचाहनु)
- आयोजनाको कार्यान्वयन र भुक्तानीका लागी असार मसान्त पर्खिनुले भुक्तानी प्रणालीमा अध्याधिक चाप भई कर्मचारीले व्यक्तिगत जीवन र आफ्नो स्वास्थको समेत ख्याल नराखी काम गर्नुपर्ने वाध्यता।
- आफु अनुकुलका भुक्तानीहरु असार मसान्तमा प्रणालीगत समस्या र कर्मचारीको कार्य व्यस्तता अत्यधिक रहेकै अवस्थामा "यहि हो मौका" भन्ने तरिकाले भुक्तानीमा पेश गरिने परम्परा कायम नै रहनु। (बेरुजु बढाउने सवै भन्दा मुख्य कारण)

क्रमशः.....

* तालुक निकाय तथा सरकारको स्थानीय तहहरु प्रतिवेदन मात्र गर्ने ठाउँ हुन भन्ने दृष्टिगत समस्याका कारण उक्त निकायहरुबाट माग हुने प्रतिवेदनको ढाँचा र स्थानीय तहका लागी विकास गरिएको प्रतिवेदन प्रणालीको ढाँचा बिच तालमेल नहुँदा प्रतिवेदक शाखा तथा कर्मचारीहरुले सम्पादन गर्नुपर्ने नियमित कामहरुको समय प्रतिवेदनमा खर्चिनु पर्ने ।
* "आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व ऐन २०७६" र "स्थानीय सरकार सञ्चालन ऐन २०७४" को मर्म भन्दा बाहिर रकमान्तर गर्नुपर्ने वाध्यता।(आयोजना छनौट र वैज्ञानिक बजेट व्यवस्थापनमा समस्या)
* कर्मचारीहरु आफुले सम्पादन गरेका कार्य तथा भुक्तानी लिएका क्रियाकलापहरु प्रति अपेक्षाकृत जिम्वेवार नहुनु।
* आयोजना सम्झौता को म्यादलाई वेवास्ता गर्नुले र भुक्तानी मा असार मसान्त कुर्नुले खर्चको चाप वर्षान्तमा थुप्रने कारण प्राणालीमा चाप पर्न गई भुक्तानी कर्ताले विदा,दिन रात, व्यक्तिगत स्वास्थ्य र पारिवारीक जिवनमा समेत समस्या खेप्नु परेको।
* वेरुजु फछ्यौंट र वित्तिय सुशासनका लागी जनप्रतिनिधी स्तरबाट चासो कम हुनु।

आ.व २०८२।८३को आवधिक खर्चको स्थिति:

क्र.सं	अवधि	वजेट खर्च	खर्च प्रतिशत	कैफियत
१.	प्रथम त्रैमासिक	**५,५७,७६,६८७.०८**	**१२.४५**	
२.	दोस्रो त्रैमासिक	**५,३४,४८,४९६.८७**	**११.९३**	
३.	तेस्रो त्रैमासिक	७,८७,७३,९५८.१३	१७.५८	
४.	चौथो त्रैमासिक	१८,८२,१९,०३३.३७	४२.०१	
५.	*असार महिनामा मात्र भएको खर्च*	***१२,११,९१,८८५.७१***	***२७.०५***	
	जम्मा खर्च	**३७,६२,१८,१७५.४५**	**८३.९९**	

गाउँ कार्यपालिका तथा अन्य शाखाहरुको लागि सुझाव

❖ गाउँ कार्यपालिकाको लागी विनम्र अनुरोध/निवेदनः

❖ ठुला आयोजना कार्यान्वयनको निर्णय भाद्र महिनाको पहिलो हप्ता भित्र गरिसक्नुहुन।

❖ नीतिगत निर्णय गर्दा चुस्त, स्पष्ट र अपरिवर्तनीय हुने गरी गरिदिनुहुन।

❖ आर्थिक वर्षको बिचमा बजेटमा समावेश नभएका आर्थिक दायीत्व सिर्जना हुने निर्णय गर्दा स्रोत व्यवस्थापनको निर्णय समेत सँगै गरिदिनुहुन।(..... को भुक्तानी दिने निर्णय गरियो र स्रोत व्यवस्थापनका लागी आर्थिक प्रशासन शाखालाई निर्देशन दिने निर्णय गरियो) जस्ता निर्णय कार्यान्वयनमा प्र.प्र.अ र शाखालाई अन्यौलता हुने।

❖ संघ तथा प्रदेश सरकारबाट कार्य प्रगतिका आधारमा निकासा हुने प्रकृतिका क्रियाकलापहरुको निर्णय पहिलो त्रैमासिक भित्र गरी थप वजेट प्राप्तीको अवसरको लाभ लिनु पर्ने।(जस्तैः सुरक्षित नागरिक आवास, विशेष तथा समपुरक अनुदान)

❖ आर्थिक वर्ष भित्रमा विषयगत समिति अन्तर्गतका शाखाहरुबाट प्रगती प्रतिवेदन पेश गर्न लगाई त्रैमासिक प्रगति समिक्षा गरी आवश्यक निर्देशन गरिदिनुहुन।

❖ सभा तथा कार्यापालिका अन्तर्गतका विषयगत समितिहरुलाई चलायमान् बनाउन जनप्रतिनिधी स्तरबाट समेत व्यापक चासो र पर्याप्त समय दिई छलफल र निर्णय प्रकृयामा सहभागी भईदिनुहुन।

शाखाहरुलाई सुझाव:

- आयोजना कार्यान्वयन र खरिद प्रकृया अगाडी वढाउन कार्यपालिका निर्णय आवश्यक पर्ने कृयाकलापहरुका लागी प्रमुख प्रशासकीय अधिकृत ज्यू मार्फत पहिलो त्रैमासिक भित्रनै कार्यपालिकामा पेश भए खरिद प्रकृया समयमा नै सम्पन्न गरी भुक्तानी गर्न सहज हुने।
- आयोजना कार्यान्वयन र भुक्तानी भईसकेका क्रियाकलापहरुको प्रतिवेदन प्रयोजनार्थ आर्थिक तथा वित्तिय प्रगती तत्काल टिपोट गरेर राख्ने(पछि आ.प्र शाखाको भर नपर्ने)।
- भुक्तानी अगाडीनै सम्पुर्ण कागजात र खरिद प्रकृया सम्पन्न गरी प्र.प्र.अ ज्यू समक्ष पेश गर्ने।
- आफु संलग्न भुक्तानीका कागजात अपुग भएको/नभएको यकीन गर्न आर्थिक प्रशासन सँग समन्वय गर्ने।
- अन्तिम लेखा परिक्षणका क्रममा सम्बन्धित टिप्पणी पेशकर्ता कर्मचारी जवाफदेहि रहने कारण आफुसँग सम्बन्धित भुक्तानी स्रेस्ता पूर्ण रहे नरहेको यकीन गर्ने।

थप:

- आ.व २०८२।८३ को लेखा परीक्षण प्रयोजनार्थ महालेखा परीक्षकको डोर आगामी भाद्र पहिलो हप्ता सम्ममा इलाम प्रवेश गर्ने जानकारी प्राप्त भए अनुसार सबै शाखा प्रमुख ज्यूहरु तयारी अवस्थामा रहनुहुन अनुरोध छ।
- यस बर्ष कार्यालय सँग आन्तरिक लेखा परीक्षक पद रिक्त रहेका कारण आफ्ना भुक्तानीमा अपुग तथा छुट कागजात केहि छ की! यकिन गर्नुहुन।
- प्राविधिक शाखाले गत बर्ष सम्पन्न ठेक्का का आयोजनाहरुको मलेप फाराम नं ५०७ तयार राख्नु हुन।

THANK YOU!!!

THANK YOU!!!